# इनरुवा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः३१ मितिः २०८१।०२।१६

## भाग-२

## इनरुवा नगरपालिका, सुनसरी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इनरुवा नगरपालिकाबाट सर्वसाधरणको जानकारीको लागि यो राजपत्र प्रकाशन गरिएको छ।

## इनरुवा नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०१।१८

प्रमाणीकरण मितिः २०८१।०२।१४ गते

# इनरुवा नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१

**प्रस्तावनाः** इनरुवा नगरपालिकाबाट संचालन हुने कृषि विकास सम्बन्धि कार्यक्रमलाई सरल, छिटो, छरितो, पारदर्शी, प्रभावकारी एवम सेवामुखी बनाउन तथा कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम निश्चित विधि र प्रक्रिया अन्तर एकरुपता कायम राखी सञ्चालन गर्न वाञ्छनीय भएकोले,

इनरुवा नगरपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "इनरुवा नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि इनरुवा नगरपालिकाको, नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेम यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले इनरुवा नगरपालिकालाई जनाउछ ।

(ख) "कार्यविधि" भन्नाले इनरुवा नगरपालिका कृषि विकास कार्यक्रम संचालन सम्बन्धि, २०८१ लाई सम्झनुपर्छ ।

(ग) "कार्यालय प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "अनुदान" भन्नाले इनरुवा नगरपालिकाबाट विनियोजित बजेट अनुसारको स्वीकृत कार्यक्रम बमोजिम कृषि उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि, वजारिकरण वा कृषिको आधुनिकिकरण र व्यवसायिकरणका लागि अनुदानग्राहीलाई प्रदान गरिने उत्पादन सामाग्री (जिन्सी) वा नगत सहुलियतलाई सम्झनुपर्छ ।

(ङ) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम छनौट भएका कृषक, कृषि उद्यमी, कृषक समुह, कृषि सहकारी, कृषि विकास संग सम्बन्धित समिति र कृषि व्यवसायी सम्झनु पर्छ ।

(च) "परिवार" भन्नाले अनुदानग्राहीको एकाघर परिवार सम्झनुपर्छ ।

## परिच्छेद २

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

**३. <u>कार्यक्रम कार्यान्वयन प्रक्रियाः</u>**

(क) नगरपालिकाको स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि अनुसूचि १ बमोजिमको ७ देखी १५ दिन सम्मको सार्वजनिक सूचना टाँस गरि प्रस्ताव आव्हान गर्नेछ ।

(ख) सूचनामा उल्लेख भएबमोजिम कार्यक्रम संचालनका लागि उपयुक्त र ईच्छुक प्रस्तावकहरुले अनुसूची २ बमोजिमको आवेदन, अनुसूची ३ बमोजिमको व्यवसायिक योजना, अनुसूची ४ बमोजिमको स्वघोषणा र अन्य सान्दर्भिक कागजातहरु संलग्न राखि निर्धारित समय भित्र नगरपालिकामा आवेदन दर्ता गर्नुपर्ने छ ।

(ग) दफा ४ को उपदफा (क) बमोजिम सूचनाका आधारमा निर्धारित समयभित्र पर्याप्त निवेदनहरु दर्ताहुन नआएमा नगरपालिकाले ७ दिनसम्म म्याद थप गर्ने सक्नेछ ।

(घ) रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

(ङ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरीफिकेसन र सिफारिसका लागि निम्न बमोजिमको प्रस्ताव सिफारीस समिति रहने छ ।

(१) उपप्रमुखः संयोजक

(२) प्रमुख प्रशासकिय अधिकृतः सह-संयोजक

(३) आर्थिक विकास समितिको संयोजकः सदस्य

(४) प्रमुखले तोकेको वडा अध्यक्ष १ जनाः सदस्य

(५) प्रमुखले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्यः सदस्य

(६) कृषि विकास शाखाको प्रमुखः सदस्य सचिव

(च) सिफारिस समितिले अनुसूची ५ बमोजिमका सुचकहरुको आधारमा प्रस्तावकहरुको स्थलगत प्रमणीकरण तथा मुल्याङ्कन गर्नुपर्ने छ, मुल्याङ्कन गर्दा ५०% भन्दा कम अङ्क प्रप्त भएमा अनुदानको लागि अग्योग्य हुनेछ ।

(छ) संयोजकको अनुपस्थितिमा सह संयोजकको संयोजकत्वमा बैठक आयोजना गर्न सक्नेछ ।

(ज) सिफारिस समितिले आवश्यक ठानेमा रितपुर्वक पेश हुन आएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूचि पेश गर्नको लागि सम्बन्धित शाखाको कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ ।

(झ) कार्यक्रममा सहभागिताका लागि प्राप्त आवेदनहरुको अनुसूची ७ बमोजिमको मुल्याङ्कनको आधारहरुमा सिफारिस समितिले सिफारिस गर्नेछ ।

(ञ) समितिले प्राप्त आवेदनहरुको मूल्याङ्कन गरी प्राथमिकताक्रम तोकी निर्णयका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(ट) कार्यालय प्रमुखको स्वीकृती पश्चात छनौट भएका र बैकल्पिक सुचिमा परेका आवेदकहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी नगरपालिकाको सूचना पाटी र वेव साइटमा प्रकाशन गरिनेछ ।

४. <u>अनुदान सम्बन्धी ब्यवस्थाः</u>

(क) अनुदान उपलब्ध गराउदाँ एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराईने छ ।

(ख) एक पटक संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह वा आयोजना बाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्ष सम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराईने छैन ।

(ग) नगरपालिका बाट उपलब्ध गराईने अनुदान रकम दफा १२ बमोजिम हुनेछ ।

(घ) एकै समुह, संस्था तथा कृषकलाइ रु १० लाख भन्दा बढीको लागत अनुमान भएको परियोजनाको हकमा कार्यपालिकाको निर्णय अनुसार अनुदान प्रदान गरिनेछ ।

**५. <u>अनुदान रकमको निर्धारणः</u>** कार्यालयले प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समितिको सिफारीसमा अनुदानग्राहीलाई उपलब्ध गराउने अनुदान रकम स्वीकृत कार्यक्रम अनुसार निर्धारण गर्नेछ ।

**६. <u>अनुदानग्राहीसँग सम्झौता गर्नुपर्नेः</u>** कार्यालयले अनुदानग्राहीको छनौट र अनुदान रकमको निर्धारण भए पश्चचात अनुदान ग्राहीसँग सम्झौता गर्नुपर्ने छ ।

**७. <u>सम्झौता बमोजिम सञ्चालन हुने</u>ः** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएपनि कुनै दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलापहरु सञ्चालन गर्दा नगरपालिका र दातृ निकाय निकाय बीच भएको सम्झौता वा आयोजना कार्यान्वियन दस्तावेज बमोजिम सञ्चालन हुने छ ।

**८. <u>दोहोरो सुविधा लिन नपानउनेः</u>** अनुदानग्राहीले एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन । एकै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गरेको देखिएमा ३ बर्ष सम्म उही र उही प्रकृतिका अन्य अनुदान समेत प्रदान गरिने छैन ।

९. **<u>अनुदानग्राही जिम्मेवार हुनेः</u>** कुनै कारणवस ( काबू बाहीरको परिस्थिति वाहेक) सम्झौता अनुरुप तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम भुक्तानी नभएमा अनुदानग्राही स्वयम जिम्मेवार हुनेछ ।

१०. **<u>भुक्तानि प्रक्रियाः</u>** अनुदानग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन सहित बिल बिजक, भर्पाई एवम फोटोग्राफ सहित आवश्यक कागजात संलग्न राखी भुक्तानिको लागि अनुरोध गरेमा इनरुवा नगरपालिकाको ले स्थलगत निरिक्षण एवम मुल्याङ्कन गरि मुनासिव ठहरेमा सम्झौता अनुसारको रकम एकमुष्ट भुक्तानि हुनेछ ।

११. **<u>अनुगमनः</u>**

(१) यस कार्यविधि बमोजिम देहायअनुसारको अनुगम समिति रहनेछ ।

क) नगर उपप्रमुखः संयोजक

ख) प्रमुख प्रशासकिय अधिकृतः सदस्य

ग) सम्बन्धीत शाखा प्रमुखः सदस्य सचिव

आवश्कता अनुसार अनुगमन समितिले सम्बन्धित सरोकारवालाहरुबाट र सम्बन्धित विषय विज्ञ प्राविधिकहरुलाइ प्रयोग गरि अनुगमन मुल्याङ्कन गर्न सकिनेछ ।

(२) कार्यालयले अनुदानको उपयोग, प्रगतिको अवस्था र कार्यविधि बमोजिम सर्तहरु पालना भए नभएको सम्बन्धमा नियमित अनुगमन तथा आवश्कता अनुसार निर्देशन दिन सक्नेछ र यसरी दिइएको निर्देशन पालना गर्नु सम्बन्धित साझेदारको कर्तब्य हुनेछ ।

(३) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ्ग बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीका लागि राख्नु पर्नेछ ।

## परिच्छेद ३
## कार्यक्रमहरुको मापदण्ड

**१२. कार्यक्रमहरुको मापदण्ड देहाय बमोजिम हुनेछ ।**

| क्र. सं | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | युवा लक्षित कृषि विकास कार्यक्रम | यो कार्यक्रममा कृषि व्यवसायमा संलग्न हुन चाहने बैदेशिक रोजगार बाट फर्केका तथा स्थानिय युवा युवतीलाई (१८-५० बर्षका ) ब्यवसायिक तरकारी, च्याउ र मह उत्पादन कार्यमा लक्षित हुनेछ ।<br>• तरकारी उत्पादन कार्यक्रमः कम्तिमा ५ कट्टा क्षेत्रफलमा व्यवसायिक तरकारी खेति गर्नेपर्ने छ ।<br>• च्याउ उत्पादन कार्यक्रमः कन्ये च्याउ उत्पादन तथा Milky White च्याउको हकमा कम्तिमा दुईवटा १४ फिट चौडाइ र २२ फिट लम्बाईका टहरामा च्यउ खेति गर्नुपर्नेछ ।<br>• गोब्रे च्याउः २००० के जी कम्पोष्ट मल तयार तथा प्रयोग भएको हुनुपर्ने र दुईवटा १४ फिट चौडाइ र २२ फिट लम्बाईका टहरामा च्यउ खेति गर्नुपर्नेछ ।<br>• मह उत्पादन कार्यक्रमः न्युनतम १० वटा घार मौरी पालन गर्नु पर्नेछ वा १० घार मौरी थप गर्नुपर्नेछ । | उत्पादन सम्बद्ध पूर्वाधार, बीउ विरुवा, मौरी घार गोला र अन्य आवश्यक उत्पादन सामाग्रीहरु, यन्त्र उपकरण, सिंचाई पूर्वाधार निर्माण र व्यवस्थापनमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २ | कृषि यान्त्रिकरणमा अनुदान | **-अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, जल उपभोक्ता संस्था र कृषि सम्बन्धी अन्य संस्थाहरु<br>-नविनतम प्रविधि तथा दिगो कृषि विकासमा टेवा पुग्ने गरी कार्यक्रम | उपकरण सहित अन्य सबै एट्याचमेन्ट लगागत मेसिनरी यन्त्र उपकरणमा अधिकतम ५०% अनुदान उपलब्ध गराउन सकिनेछ |

| | | | |
|---|---|---|---|
| | | संचालन गरिने छ । | |
| ३ | साना सिचाई/सिचाई आयोजना | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः** कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म, जल उपभोक्ता संस्था र कृषि सम्बन्धी अन्य संस्थाहरु<br>-२ देखि ४ एच पि को विद्युतिय मोटर वितरण ।<br>- २ एच पि को मोटरको हकमा कम्तिमा १० कठ्ठा जग्गा भएको हुनु पर्नेछ<br>- ४ एच पि को मोटरको हकमा न्यूनतम ५ विघा जग्गा भएको हुनु पर्नेछ | २ देखि ४ एच पि को मोटर नगर दररेटमा नबढ्ने गरी सम्बन्धीत लाभग्राहीले खरिद गरि बोरिङ गरी (बोरिङ गर्ने लागत प्राविधिक मूल्यांकन तथा सम्बन्धित वडाको सिफारिसको आधारमा बढीमा ७० फिट सम्म) मोटर जडान गर्ने कार्य सम्पन्न भए पश्चात सम्बन्धीत लाभग्राहीलाई कुल लागतको ५०% रकम भुक्तानि गरिनेछ । |
| ४ | एक समुह एक उत्पादन कार्यक्रम | यो कार्यक्रम कृषक समुह/कृषि सहकारी मार्फत व्यवसायिक रुपमा तेलहन, दलहन, अन्न, फलफुल तथा मसलाजन्य बाली उत्पादन गरि आर्थिक सम्बृद्धिमा सहयोग गर्न लक्षित हुनेछ ।<br>• अन्न बाली तथा आलु खेतीः न्युनतम ५ विगा क्षेत्रफलमा लगाउनु पर्नेछ<br>•तेलहन/दलहन बालीः न्युनतम ३ विगा क्षेत्रफलमा लगाउनु पर्नेछ<br>• लसुन/प्याज/मसालाः न्युनतम १ विगा क्षेत्रफलमा लगाउनु पर्नेछ<br>• फलफुल खेतीः न्युनतम १ विगा क्षेत्रफलमा लगाउनु पर्नेछ | छनौट भएका कृषक समुह / कृषि सहकारीहरुलाई कृषि सामाग्री तथा बीउविजन आदीमा देहाय बमोजिम अनुदान उपलब्ध गराईने छ ।<br>• अन्न बाली तथा आलु खेतीः ५०% वा बढीमा १ लाख<br>• तेलहन/दलहन बालीः ५०% वा बढीमा १ लाख<br>• लसुन/प्याज/मसालाः ५०% वा बढीमा ४० हजार<br>• फलफुल खेतीः ५०% वा बढीमा ५० हजार |
| ५ | प्लाष्टीक टनेल / मल्चिङ प्लाष्टक वितरण | अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः कृषक, कृषक छनौट भएका कृषक समुह, कृषि सहकारी, कृषि फर्म,<br>•प्लाष्टिक टनेल/ घर भन्नाले जि.आइ. पाइप वा बाँस र | छनौट भएका कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्महरुलाई प्लाष्टिक टनेल र मल्चिङ प्लाष्टिकमा ७५ % अनुदान उपलब्ध गराईनेछ। |

| | | | |
|---|---|---|---|
| | | सिलपोलिन वा UV प्लाष्टिक प्रयोग गरि बनाएको घर सम्झनुपर्छ ।<br>•मल्चिङ प्लाष्टिक भन्नाले एका पट्टि कालो र अर्को फट्टि सिल्भर रङको बाली उत्पादनको<br>क्रममा छापोको रुपमा प्रयोग गरिने प्लाष्टिकलाई सम्झनुपर्छ । | |
| ६ | तरकारी तथा खाद्यन्न बालीको बीउ वितरण | अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म,<br>- नेपाल सरकारको मातहतमा रहेका कृषि संस्थानहरुले उत्पादन/विक्रि वितरण गरेका वा सूचीकृत गरेका जातका विउहरु मात्र वितरण गरिनेछ । | बीउहरु वितरण गर्दा अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७ | कृषि चुन वितरण | माटो सुधारका लागि कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्मलाई कृषि चुन वितरण | अधिकतम ५०% अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ८ | अगुवा कृषक तालिम | -कार्यक्रम मागमा आधारित रही स्थलगत वा पालिकास्तरमा संचालन हुनेछ ।<br>-कृषक संख्या प्रति समूह बढीमा १५-२५ जना रहने छन । साथै तालिम अवधि आवश्यकता अनुसार हुनेछ । | -तालिम खर्च कार्यक्रम संचालन तालिमको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत गरी मात्र संचालन गरिनेछ । |
| १० | माटो परीक्षण कार्यक्रम | यो कार्यक्रम संचालन विशेषत कृषि व्यवसाय खेती प्रविधिमा अधिक रासायनिक मल विषादीको प्रयोग र त्यसको नकारात्मक प्रभावमा सुधार तथा माटो जाँच, माटो सुधार र प्रांगारिक उत्पादनमा सहयोग पुग्ने | -तालिम खर्च कार्यक्रम संचालन तालिमको लागत स्टिमेट तयार गरी पूर्व स्वीकृत गरी मात्र संचालन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | | गरी यो कार्यक्रम संचालन गरीने छ । <br>१. माटो परीक्षण मिनि ल्याब संचालन प्रविधियुक्त आवश्यक उपकरण खरिद गरी मिनी ल्याब संचालन गर्न सकिनेछ । <br>२. माटो सुधारका लागि कृषि चुन र जिप्समा अनुदान दिन सकिने । <br>३. यस कार्यक्रमबाट नविनतम प्रविधियुक्त तालिम संचालन गर्न सकिनेछ । <br>४. माटो तथा मल परिक्षण प्रयोगशाला संगको सहकार्यमा नियमित माटो जाँच तथा माटो जाँच शिविर संचालन गर्न सकिनेछ । | |

नोटः क. खरिदका सम्पुर्ण कार्यहरु सार्वजनिक खरिद ऐन,२०६३ र नियमावाली २०६४ को नियम अनुसार गरिनेछ।

ख. प्राप्त सामग्रीको दरुपयोग गरेको पाईएमा सम्बनधीत व्यक्ति संस्थालाई कानून बमोजिम कार्यवाहि गरी कम्तिमा ५ वर्ष सम्म नगरपालिकाबाट उपलब्ध हुने कुनै पनि किसिमको अनुदान उपलब्ध गराईने छैन ।

## परिच्छेद ४
## वडा स्तरीय बजेट कार्यान्वयन

**१३.** वडा स्तरीय बजेटमा विनियोजन भएको कार्यक्रम संचालन गर्दा यस कार्यविधिमा भएका अन्य व्यवस्थाहरु सोहि बमोजिम हुने गरी प्रस्तावहरुको प्रारम्भिक छनौट, फिल्ड भेरीफिकेसन र सिफारिसका लागि तपसिल बमोजिमको वडा स्तरीय प्रस्ताव सिफारीस समिति रहने छ ।

**तपसिलः**

क. वडा अध्यक्ष — संयोजक

ख. वडा सदस्यहरु सबै — सदस्य

ग. नगरपालिकाले तोकेको विषयगत शाखाको कर्मचारी — सदस्य

घ. वडा सचिव — सदस्य सचिव

## परिच्छेद ५
## खारेजी तथा बचाऊ

**१४.** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा यसै अनुसार र अन्य प्रचलित कानूनसँग बाझिएको हकमा वाझिएको हदसम्म अमान्य हुनेछ । साथै कार्यपालिकाबाट यस आ.व. देखी कृषि विकास कार्यक्रम संचालन सहयोग सम्वन्धमा भएका निर्णयहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

## अनुसूची-१

## प्रस्ताव आव्हानको सूचनाको नमुना

**प्रथम पटक प्रकाशितः-............**

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः-.........**

यस इनरुवा नगरपालिकाको कृषि विकास शाखाको चालु आ.व........ को बार्षिक स्वीकृत तपशिलका कार्यक्रमहरु "कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८०" बमोजिम संचालन गर्न इच्छुक कृषक समूह / कृषि सहकारी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३१ दिन भित्र कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ।

<u>तपसिल</u>

| क्र.स. | कार्यक्रमको नाम | लक्ष्य | लागत सहभागिता % |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

**<u>संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु</u>**

१) अनुसूची २ बमोजिमको प्रस्ताव पत्र ।

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३) समूह/संस्था दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि।

४) समूह/संस्थाको बैठकको निर्णयको प्रतिलिपि।

५) समूह/संस्थाको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि ।

६) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

७) जग्गा धनिपूर्जा प्रमाण पत्रको प्रतिलिपि / भाडा वा अधिया /ठेक्का लिएको भए सम्झौता पत्रको प्रतिलिपि ।

८) कार्यक्रमको प्रकृति अनुसार थप कागजातहरु आवश्यक परेमा उल्लेख गर्न सकिने ।

**अनुसूची- २**

**अनुदानका लागि आवेदन फारम**

मितिः.............

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू
इनरुवा नगरपालिका,
इनरुवा, सुनसरी

<u>विषयः कार्यक्रम प्रस्ताव पेश गरिएको सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा यस इनरुवा नगरपालिका, कृषि विकास शाखा सुनसरी बाट मिति-........... गते प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित हाम्रो....................................................................................................... समूह/सहकारी/संस्था/समिति/कृषि फर्मका सदस्यहरुले........................ कार्यक्रम लागत साझेदारीमा

निवेदकः

दस्तखतः

मितिः

सम्पर्क नं.

संचालन गर्न इच्छुक भएकोले सहभागी गराई दिनुहुन यो निवेदन पेश गरेको छु/छौं।

**निवेदन साथ संलग्न कागजातहरु**

(१) सम्बन्धित निकायमा कृषि समूह / सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी ।

(२) कार्यक्रम संचालन हुने स्थान (जग्गा / जमिन) को विवरण ।

(३) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपी।

(४) कार्य समितिको निर्णयको प्रतिलिपी।

(५) स्थायी लेखा नं. (PAN) दर्ताको प्रतिलिपी ।

(६) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(७) सम्बन्धित वडा कार्यालयको सिफारिस ।

## अनुसूची ३
## व्यवसायिक योजनाको नमुना

१) संस्थाको संक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| संस्था स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| स्थायी लेखा (PAN) नम्बर | |
| सम्पर्क ब्यक्तिको नाम सम्पर्क नं | |
| ईमेल ठेगाना | |

२) संस्थाको अनुभव र अन्य विवरणः

| | |
|---|---|
| बिगतमा सम्पन्न गरेको कार्य, अनुभव तथा तालिमको संक्षिप्त विवरण | |
| विद्यमान वित्तिय क्षमता, जनशक्ति र भौतिक श्रोत साधनको विवरण (बुँदागत रुपमा) | |

३) कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्धेश्य तथा लाभान्वित घर परिवार संख्याः

| | |
|---|---|
| संस्थाले भोगेका वा अनुभुत गरेका व्यवसागत सम स्या (बुँदागत रुपमा) | |
| प्रस्ताव किन र के कामका लागि पेश गरिएको हो | |
| कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशिता | |
| लाभन्वित घर परिवार संख्या (प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना) | |

४) कार्यक्रमबाट हासिल हुने उपलब्धीहरुः

| | |
|---|---|
| क्षेत्रफल तथा उत्पादन बृद्धि परिमाण | |
| बार्षिक उत्पादन बृद्धि परिमाण | |

| | |
|---|---|
| प्रस्तावित बाली बस्तुको मुल्य अभिबृद्धि परिमाण | |
| लाभान्वित वर्गको रोजगारी अवस्था, जिविको पार्जन तथा जिवनस्तरमा आउने सुधार | |
| कार्यक्रम संचालनबाट समुदायमा पर्ने सकरात्मक प्रभावहरु | |
| कार्यक्रम संचालनबाट पर्न सक्ने वातावरणिय प्रभावहरु | |

५) आर्थिक प्रस्तावः

| क्र.स. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई लागत दर रु | कुल लागत रु | प्रस्तावकको योगदान रु | कार्यालयको अनुदानकाट व्यहोर्ने व्यहोरिने रकम रु. | प्रस्तावकले व्यहोर्ने रकमको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | जम्मा रु | | | | | | | |

६) विगत ३ वर्षमा आफै वा एकाघरको सदस्यले विभिन्न निकायबाट प्राप्त अनुदानको विवरण

| क्र.सं. | आवद्ध भई अनुदान प्रप्त गर्ने समूह/संस्था/फर्मको नाम | अनुदान प्रप्त गर्ने गर्ने व्यक्तिको नाम | अनुदान प्रप्त गर्ने व्यक्तिसँगको नाता | अनुदान प्राप्त गरेको कार्यक्रमको नाम | अनुदान प्राप्त भएको आर्थिक वर्ष | अनुदान प्राप्त गराउने निकाय | अनुदान प्राप्त गरेको रकम रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| छाप | |

**अनुसूची ४**

**समान प्रकृतिको अनुदान नलिएको स्वघोषणा**

गढी गाउँपालिकाको मिति......... को सार्वजनिक सूचना अनुसार इनरुवा नगरपालिका ..........नं. वडा............गाँउ/टोल स्थायी ठेगाना भएको श्री ..........ले...................कार्यक्रम संचालनका लागि पेश गरेको व्यवसाय योजना संग मेल खाने कार्यका लागि विगत तिन वर्ष भित्र संघीय सरकार, प्रदेश सरकार, नगरपालिका वा आयोजना बाट अनुदान नलिएको स्वघोषण गर्दछु । अन्यथा फेला परेर कसुरदार ठहरेमा सम्झौता रद्द लगायत नियमानुसारका अन्य सजाय भोग्न समेत तयार छु ।

**स्थलगत प्रमाणिकरण मुल्याङ्कनका आधारहरु**

| क्र.स. | मूल्याङ्कनका सुचकहरु | अङ्कभार | प्रासाङ्क |
|---|---|---|---|
| १ | भौतिक क्षमता | २० | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीच तालमेल | ०-५ | |
| | विगतमा गरेको काम भन्दा फरक काम प्रस्ताव गरेको । | ० | |
| | विगतको कामसंग तालमेल भई कम्तीमा १ बर्ष देखि सोही काम गरेको | २ | |
| | विगतको कामसंग तालमेल भई कम्तीमा २ बर्ष देखि सोही काम गरेको | ४ | |
| | विगतको कामसंग तालमेल भई कम्तीमा ३ बर्ष वा सो भन्दा बढी समय देखि सोही काम गर्दै गरेको | ५ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको नरहेको | ०-५ | |
| | शुरुवात नै नभएको | ० | |
| | शुरुवातको लागि प्रस्ताव गरेको व्यवसाय | ०.५ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा २५% वृद्धि गर्ने सम्भावना | २ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा ५०% वृद्धि गर्ने सम्भावना | ४ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा १००% वृद्धि गर्ने सम्भावना | ५ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारको व्यवस्था (जग्गा तथा भवन २-५ आदि) | २-५ | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ४ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायत पुर्वाधार भएको | ५ | |
| १.४ | कार्यक्रम कार्यान्विन स्थलमा बजार पहुँच पुर्वाधार व्यवस्था | ०-५ | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानि साधन र बजारसंग पहुच नभएको | ० | |
| | सम्भावव्यता बजारसँग कच्ची मोटरबाटो जोडिएको विद्युत र ढुवानि साधन उपलब्ध हुन सक्ने | २ | |
| | सम्भावव्यता बजारसँग मोटरबाटो जोडिएको विद्युतको व्यवस्था रहेको | ४ | |
| | सम्भावव्यता बजारसँग कालो पत्रे मोटरबाटो जोडिएको,<br>पर्याप्त ढुवानि साधन र विद्युतको व्यवस्था रहेको | ५ | |
| २ | प्राविधिक क्षमता | २० | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| २.१.१ | भौगोलिक हिसाबले अनुउपयुक्त | ० | |

| | | | |
|---|---|---|---|
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| २.२.२ | प्राविधिक दुष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपब्धता र गुणस्तर बारे जानकारी नभएको | ० | |
| | प्राविधिक दुष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपब्धता र गुणस्तर बारे जानकारी भएको | ३ | |
| २.२ | प्राविधिक कार्यक्रममा सम्बद्ध क्रियाकलापहरुमा नवीन प्रविधिको समावेश | ०-५ | |
| | नवीन प्रविधिको समावेश छैन | ० | |
| | कम्तीमा एउटा नवीन प्रविधिको समावेश | २ | |
| | कम्तीमा दुईवटा नवीन प्रविधिको समावेश | ३ | |
| | दुईवटा भन्दा बढी नवीन प्रविधिको समावेश | ५ | |
| २.३ | आवश्यक प्रविधि/प्राविधिक सेवा सम्बन्धी व्यस्था | ०-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | विभिन्न तहका सरकारका निकायसंग प्राविधिक सेवा लिने | ३ | |
| | स्थानिय स्रोत व्यक्ती / व्यवसायिक फार्मबाट प्राविधिक सेवा टेवाको व्यवस्था | ४ | |
| | आफै। आफ्नै श्रोतबाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | आवेदकले प्रस्ताव गरेको कार्यका लागि तालिम वा सोही १-५ कार्यमा काम गरेको प्रमाण | २-५ | |
| | सम्बन्धित विषयमा ३ दिन सम्मको तालिम लिएको | २ | |
| | सम्बन्धित विषयमा ७ दिन सम्मको तालिम लिएको वा अन्य फर्ममा कम्तिमा एक बर्ष सम्म सोही काम गरेको | ३ | |
| | सम्बन्धित विषयमा ७ दिन भन्दा बढीको तालिम लिएको वा अन्य फर्ममा कम्तिमा एक बर्ष भन्दा बढी सोही काम गरेको | ५ | |
| ३ | वितिय क्षमता | ०-३० | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतबाट लगानि जुटाउन सक्ने | ३० | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नो श्रोत र बैंक तथा वितिय संस्थाबाट लगानि जुटाउन सक्ने | २५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैंक तथा वितिय संस्थाबाट मात्र लगानि जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानि बारे कुनै योजना उल्लेख नगरेको | ० | |
| ४ | संस्थाथत क्षमता | ०-५ | |
| | व्यवसायिक क्रियाशिलता छैन | ० | |

| | | | |
|---|---|---|---|
| | स्थापना भएको एक बर्ष मात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोबार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोबार गरेको | ५ | |
| ५ | रोजगारी सिर्जना र आयस्तरमा सुधार | १-५ | |
| | प्रस्तावक र प्रस्तावकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायका अन्य व्यक्तिलाई दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | ३ | |
| | समुदायका अन्य व्यक्तिका लागि दैनिक ज्यालादारीमा र मासिक दुवै रोजगारी सिर्जना हुने | ५ | |
| ६ | प्रस्तावित कार्यक्रमले कृषि व्यवसायिकरणमा पार्ने प्रभाव | २-१० | |
| | उत्पादित बस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित बस्तुले कृषि व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | उत्पादित बस्तुले कृषि व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | उत्पादित बस्तुले कृषि व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७ | उत्पादित वस्तुको प्रशोधन, भण्डारण तथा बजारीकरण | ०-१० | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित बस्तुको बजारीकरणका लागि खरिदकर्ता पहिचान गरेको | ३ | |
| | उत्पादित बस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरि बजारीकरणका योजना समावेश गरेको | ६ | |
| | उत्पादित बस्तुको प्रसोधन, भण्डारण तथा बजारीकरणका लागि खरिदकर्ता सँग औपचारीक रुपमा खरिद सम्झौता गरेको | ८ | |
| | उत्पादित वस्तुको प्रसोधन, भण्डारण तथा बजारीकरण आफैले गर्ने | १० | |
| | जम्मा | १०० | |

**स्थलगत प्रमाणीकरण मुल्याङ्कन गर्ने टोलीको राय**

| क्र.स. | पदाधिकारीको नाम | पद | प्राप्ताङ्क | अनुदानका लागि योग्य भए नभएको सिफारीस | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

- प्रस्ताव मुल्याङ्कन समितिले आवश्यक ठानेमा कार्यक्रमको प्रकृति अनुसार मुल्याङ्कनका अधार र भारहरु परिमार्जन वा थपघट गर्न सक्ने छ।

**आज्ञाले,**
**डिल्लीराज निरौला**
**प्रमुख प्रशासकीय अधिकृत**